# पाँचौं दक्षिण एसियाली आर्थिक सम्मेलन - आर्थिक मन्दीको प्रभाव कम गर्न क्षेत्रीय एकता

**प्रस्तुति:** कारोबार संवाददाता **मिति:** 2012-09-13 **सम्बन्ध:** अर्थ

इस्लामावाद, २७ भदौ - विश्वव्यापी आर्थिक मन्दीको असर न्यूनीकरणका लागि क्षेत्रीय एकतामा विज्ञहरूले जोड दिएका छन् । इस्लामावादमा आयोजित पाँचौं दक्षिण एसियाली आर्थिक सम्मेलनमा सन् २००८/९ देखि सुरु भएको मन्दीको असर दक्षिण एसियाली अर्थतन्त्रमा पनि पर्न थालेको भन्दै उनीहरूले दक्षिण एसियाले आर्थिक वृद्धिमा ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन् । आर्थिक मन्दीले क्षेत्रीय सहयोग अभिवृद्धि गर्ने अवसर दिएको सम्मेलनको निष्कर्ष छ ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) का अध्यक्ष डा. पोषराज पाण्डेले युरोपेली क्षेत्रको संकट कुनै पनि बेला आर्थिक मन्दीको रूपमा आउन सक्ने बताए । "दक्षिण एसियाली देशहरूको निर्यात धेरैजसो युरोप र अमेरिकामा निर्भर छ, अब उनीहरूले सन्तुलित आर्थिक विकासको बाटो खोज्नुपर्छ," पाण्डेले भने ।

उनले समावेशी आर्थिक वृद्धि, पूर्वाधारमा लगानी, उत्पादन क्षमता वृद्धि, वित्तीय क्षेत्रको कार्यकुशलतामा सुधार, रेमिट्यान्सको उत्पादनमूलक उपयोग तथा क्षेत्रीय सहयोगलाई गाढा बनाउनुपर्ने उल्लेख गरे । "आर्थिक मन्दीले दक्षिण एसियाली विकास नीतिबारे पुनर्विचार गर्नुका साथै थप विकसित गर्ने अवसर दिएको छ," उनले भने ।

एसिया–प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (यूएनस्केप) का अगुवा अर्थशास्त्री डा. नागेश कुमार र विश्व बैंककी अर्थशास्त्री कल्पना कोचारले विश्व अर्थतन्त्रको गुरुत्व एसियातर्फ स्थानान्तरण भइरहेको तर्क गर्दै लगानी अभिवृद्धि गर्ने क्षेत्रीय आर्थिक वृद्धिको रणनीति तयार गर्नुपर्ने बताए । लगानीकर्ताको विश्वासलाई सहयोग पुग्ने नीति, प्रत्यक्ष वैदेशिक लगानी, विकसित क्षेत्रीय सहयोग, ट्रान्जिट व्यापार, ऊर्जा÷वस्तु तथा सेवा व्यापारमा उनीहरूको जोड थियो ।

सम्मेलनले देशभित्रै प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने कानुन र नीति निर्माणमा जोड दिएको छ । देशबाहिर द्विपक्षीय तथा क्षेत्रीय तहको व्यापारमा प्रतिस्पर्धाको मुद्दामा जोड दिँदै सावतीका अनुसन्धान संयोजक पारस खरेलले दक्षिण एसियामा प्रतिस्पर्धा कार्यान्वयन गर्ने निकायबीच समन्वयको खाँचो औंल्याए ।

गैर–प्रतिस्पर्धी व्यवहार दक्षिण एसियाका साझा समस्या रहेको उल्लेख गर्दै उनले दक्षिण एसियामा खाद्यान्नको मूल्यवृद्धिलाई यसैले प्रेरित गरेको बताए । प्रतिस्पर्धी व्यवहारका लागि तयार भएका विधान कार्यान्वयनका लागि दृढ राजनीतिक इच्छाशक्तिको आवश्यकतामा उनले जोड दिए । उनले उपभोक्ता सचेतनाको खाँचो औंल्याए ।

सम्मेलनमा पारवहन, दिगो विकास, सेवा व्यापार र आप्रवासन तथा सामाजिक उत्तरदायित्वलगायतका विषयमा छलफल भएको थियो ।